# साझा सेवा

(सहकारी संस्था) लि.

सम्पर्क कार्यालय, पाटनढोका, ललितपुर ।

फोन नं. : ५००५५४८/५००५५४९

**शिलबन्दी कोटेशन (दरभाउपत्र) आह्वान सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति :२०७३।०४।१९

यस संस्थाको पुल्चोकस्थित साझा आयल स्टोरका लागि Double Nozzel Digital Fuel Dispensor Pump (Petrol-1) थान १ आवश्यक भएकोले सो को खरिदकार्य सिलबन्दी दरभाउपत्र द्वारा गर्नुपर्ने भएको हुँदा नेपाल सरकारबाट इजाजत प्राप्त उत्पादक/कम्पनी/अधिकृत बिक्रेताबाट निम्न शर्तहरुको अधिनमा रहने गरी पहिलो पटक प्रकाशित सूचनाको मितिबाट १५ दिनभित्र रितपूर्वक सिलबन्दी दरभाउपत्र लाहाछाप गरी खाममा विवरण प्रष्ट खुलाई यस संस्थाको सम्पर्क कार्यालयमा पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

## तपसिल

१. दरभाउपत्र पेश गर्दा प्राविधिक विवरणको दरभाउ पत्र र आर्थिक विवरणको दरभाउपत्र गरी छुट्टाछुट्टै खाममा सिलबन्दी गरी पेश गर्नुपर्ने छ । प्राविधिक विवरणको दरभाउपत्र पहिले खोलिनेछ र उक्त दरभाउपत्र सदर भएपछि मात्र आर्थिक विवरणको दरभाउपत्र खोलिनेछ । अन्यथा आर्थिक दरभाउपत्र पेशकर्तालाई नै फिर्ता गरिनेछ ।

२. प्राविधिक विवरणको दरभाउपत्रमा पेश गर्नुपर्ने कागजातहरु
   - क. नेपाल सरकार गुणस्तर तथा नापतौल विभागबाट प्राप्त बिक्रेताको अनुमति पत्र ।
   - ख. नेपाल सरकारको निकायमा दर्ता प्रमाणपत्र ।
   - ग. मूल्य अभिवृद्धि करमा दर्ता प्रमाण पत्र ।
   - घ. बिक्रेताको लागि कम्पनीबाट गरिएको कबुलियतनामा ।
   - ङ. करचुक्ताको प्रमाणपत्र ।
   - च. सामानको प्राविधिक विवरण ।

३. आर्थिक विवरणको दरभाउपत्रमा पेश गर्नुपर्ने
   - क. बिक्रेताको लेटरप्याडमा प्रति युनिट सम्पूर्ण करसहितको मूल्यका अतिरिक्त पुल्चोकस्थित साझा आयल स्टोरमा डेलिभरी लागत तथा अन्य लाग्ने सम्पूर्ण खर्च समेत उल्लेख गरी विवरण पेश गर्ने ।

४. रितपूर्वक प्राप्त भएका दरभाउपत्रहरु मिति २०७३।०५।०३ गते शुक्रबार दिनको २:०० बजे दरभाउपत्र दाता वा निजहरुको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । निजहरुको अनुपस्थितिमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

५. रित नपुगेका वा म्याद नाघेका दरभाउपत्रहरु उपर कुनै कारवाही गरिने छैन ।

६. दरभाउपत्र स्वीकृत गर्ने नगर्ने अधिकार यस संस्थामा सुरक्षित रहनेछ ।

७. अन्य कुराहरु संस्थाको नियमानुसार हुनेछ ।

८. थप जानकारी संस्थाको सम्पर्क कार्यालय पाटनढोकामा सम्पर्क राखी बुझ्न सकिनेछ ।

साझा सेवा सहकारी संस्था लि. २०३१

२०७३।०४।१९